# तादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खरानीटार,नुवाकोट

**कफि खेति बिकास तादी गाउँपालिका वडा नं.२ प्रस्ताव आब्हान सम्बन्धी सूचना !**

( प्रथम पटक प्रकाशित मिति :२०७९।१२।१७)

तादी गाउँपालिका वडा नं.२ को आ.व २०७९।०८०को प्रदेश तर्फको सशर्त अनुदान शिर्षक नं.२२५२२ अन्तर्गत कफि खेति विकास कार्यक्रम तादी गाउँपालिका वडा नं.२ मा सन्चालन गनुपर्ने भएकोले उक्त कफि खेति विकास गर्न चाहने इच्छुक साना व्यवसायिक ,कृषक, समुह ,सहकारी संघ, संस्था , उधोग फर्महरुले ५०%अनुदानमा काम गर्न चाहानेहरुले यो सूचना प्रकाशित गरेको मितिबाट ३० दिन भित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। कफि विकास बोर्डबाट संचालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि २०७२(पहिलो सशोधन २०७५) मा व्यवस्था भए बमोजिमको प्रकृया अनुसार निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**<u>पेश गनुपर्ने आवश्यक कागजपत्रहरु</u>**

१. अनुसूचि २ अनुसारको निवेदन पेश गनुपर्ने
२.नविकरण संस्था दर्ता प्रमाण पत्र
३.अनुसूचि ३ बमोजिमको प्रस्तावना
४.स्थाई लेखा नम्वर प्यान को प्रतिलिपी
५.व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपी
६.सम्बन्धित दर्ताको प्रमाण पत्रको प्रतिलिपी
७.अघिल्लो बर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी
८.सञ्चालन बर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी
९.संस्थाको समितिको निर्णयको प्रतिलिपी
१०.रु १० को हुलाक टिकट टांस गरेको निवेदन

**<u>अनुदान उपलब्ध गराइने आधारहरु</u>**

१.नमुना कफि बगैंचाको २०-२५ रोपनि जग्गामा कफिको खेति गर्ने प्रतिवद्धता जनाउनुपर्ने छ ।
२.बार्षिक थप १०००० रोप्ने क्षमता राख्नुपर्ने छ।
३.कफि खेति गरेको स्थान सम्म मोटर बाटो जोडिएको साथै सिचाईको राम्रो व्यवस्था भएको हुनुपर्ने।
४.राष्ट्रिय चिया तथा कफि विकास बोर्डको सदस्यता लिएको हुनुपर्ने ।
५.कफि सम्बन्धि जिज्ञासा राख्ने कृषहरुको प्रेरणा जागरण गराउन सक्ने वातावरण भएको हुनुपर्ने ।
६.अन्य निकायबाट आ.व.२०७९।०८० को लागि अनुदान लिएको भए दाहोरो अनुदान लिन पाइने छैन्।
७. कफि खेती गरेको हुनुपर्नेछ।
८.कुनै पनि अनुदान लिने फर्म तथा व्यक्ति कालो सूचिमा नरहेको प्रतिवद्धता जनाउनुपर्ने छ।
९.कृषि फर्म, कफि सहकारी र कफि समुह, आदिले जग्गा भाडामा लिई कफि खेति गरिईको भए जग्गा धनिको लालपुर्जाको फोटोकपि, जग्गा सम्झौता पत्र सम्बन्धित वडा कार्यालयमा तिरो तिरेको रसिद र जग्गा भाडा कर तिरेको रसिद पेश गनुपर्ने छ।
१०.कम्तीमा १ जना कर्मचारी नियुक्ति गरेको हुनुपर्ने छ।
११.कर्मचारी नियुक्ति पत्र तथा कर्मचारीको आ.व.२०७९।०८० को आयकर तिरेको फोटोकपि पेश गनुपर्ने छ।

कार्यविधि , अनुसूचि एवं विस्तुत विवरणको थप जानकारीको लागि सम्पर्क नम्वर :-९८६०७८६०२८
अनूसुचि २ र ३ तादी गाउँपालिका कार्यालयको कृषि तथा पशुपन्छी शाखाले उपलब्ध गराउने छ।
वेभसाइट : www.tadimun.gov.np, ईमेल ठेगानाः ito.tadimun@gmail.com

**प्रमुख प्रशासकीय अधिकृत**